# बसन्ती



लक्ष्मीप्रसाद देवकोटा

# बसन्ती

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २००९

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र (महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू)
*संस्करण* : पहिलो २०६६
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-05-16, 19:24:55 UTC
*Latest minor Correction* : 2026-05-16, 19:24:55 UTC
*Sahityaras ebook id* : 20260516192455

**Cover art**
*Woman with a Pink*
Rembrandt, 1660s

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*प्रस्तावना*

प्रथम भाग

द्वितीय भाग

तृतीया भाग

चतुर्थ भाग

पंचम भाग

षष्ठ भाग

सप्तम भाग

अष्टम भाग

नवम भाग

दशम भाग

एकादश भाग

द्वादश भाग

त्रयोदश भाग

चर्तुर्दश भाग

बसन्ती (अंश)

# प्रस्तावना

नेपाली भाई ! नेपाली बहिनी ! प्रेमको मुहार ।
कथाको बनमा ढुल्काँऊ कि यौटा नजर्को जुहार ? ॥१॥

एकान्तलाई मधुर पार्ने, मुटुको मोहनी ।
मनको टूना, सपना बूना, बादलको जीवनी ॥२॥

कथा हो कृष्ण, गोपिनी आत्मा जगत्को वृन्दावन ।
शब्दको मीठो मुरली सुनूँ अमृतले भरूँ मन ॥३॥

दुःखलाई मीठो यो लुकामारी, सुखको सपना ।
जलको कल-कल घामको झल-झल मनको विपना ॥४॥

बादलको चाङले, बनका झाङले मन मेरो भारी भो ।
आँखामा लाग्यो अनौठा ज्योति कल्पना चरी भो ॥५॥

नेपाल आर्को हावामा झुल्क्यो, बस्ती भो सुनसानमा ।
नन्दन बन कथाको भन कुर्लिन्छ यी कानमा ॥६॥

कथा हो मीठो दिन-दिनको वेद् आकाशको उज्यालो ।

चढूँ कि आज सपने बनको रमाइलो उकालो ॥७॥

विपना भन्दा सपना मीठो थल भन्दा जलमा थल।
रूख भन्दा राम्रो रूखको छाया जलमा टल पल पल॥ ८ ॥

कथामा राम्रो झन् मीठो नेपाल झन् राम्रो विपना।
तीनतारे माथि एकान्त बनमा बोलूँ कि सपना ॥९॥

आँखामा रस कानमा अमृत, मुटुमा धड्कन।
नेपाली जुहार कथाको मुहार खोलूँ कि? भनन ॥१०॥

नेपाल मीठो गानाको खोला, वनको चुलबुल।
नेपाल स्वरको ओरालि, चढाउँ जलको कलकल ॥११॥

गानामा बग्छ कथाको नेपाल परीको सपना।
सुनौला दाना झिझिल्के साना बनाउँ कि बिपना ॥१२॥

# प्रथम भाग

**वनवीर**–

यो रानीवन भनन भन मोहनी लाँउछ मन।
इन्द्रेनी चरी यसमा आँउछे।
लहडमा बसी, लहडमा गाँउछे।
फरर पारी रँगबुट्टा भरी रमाइलो पार्छे दिन ॥१॥

मुजुरा लम्बे चिल्लामा चिल्ला तेल घस्छन् घाममा।
को हो रे? को हो? नकटी बोली लुकेर झाङमा ॥२॥

हरियो स्वर्ग फूलरंगी बन्यो रसीलो चरी कंठ
पीरतिलाई फूलबत्ती धूप छ, फूलैको नीलो घंट ॥३॥

गौथली तिंलाई फूल भनी छुन्छे होचो त्यो उडानमा।
उत्तर जाँऊ भन्दछन् हाँगा पालुवा जडानमा ॥४॥

रमरमे समसम मध्यानमा खोल्छ सुगन्धी छहारी।
चुचुरा हेर्छन् है तिम्रो गाला बुट्टाले शिंगारी ॥५॥

बसन्ती भन प्रेमको बन चरीको खलबल छ।
गुलाफ हेर यी काँढा मेरा के यसमा जलजल छ ॥६॥

पिपिरा बजे, मुजुरा चले, पालुवा बोल्दछन्।
छहारी बुट्टे पीरतिलाई हावाले डोल्दछन् ॥७॥

फूल हाँगा हाम्रा हवेली राम्रा, पन्नाका लुर्कन।
लाग्दछ माया भन्द्यौन प्यारी! मुजुरा फुर्कन ॥८॥

आकाशलता कलीली झिनी नीलकांढा शिगार्छे।
बेपातकी गिर्खे, चुरीलाई तिम्रो रेशमी अपार छे ॥९॥

अनारको फूलको गिलाँसमा हाली लाल शर्बत रेशमले।
कलीले छोपी टक्र्याउँछ वनले पिउने के वचनले ॥१०॥

सुनकी ढुङ्ग्री जाई फूली राम्री बसन्ती भवन।
गहन मग्मग अत्तरले छिटी बाँड्दोछ यो बन ॥११॥

कमलको सानो कोभी त फुल्यो बसन्ती घाममा।
पीरति लाँउछु भन्दछ कल्की है तिम्रो नाममा ॥१२॥

बोलन बोल भँवर पंखी केशकी मोहनी।
कोयलीकंठी! मुजुरे दिनमा मुटुको दोहनी ॥१३॥

सुन्नलाई खोली कोम्बूले कान सर्पीले घुँघुरे।
कोपिला फुक्छन् फुकन प्यारी! लालपाती अघरे ॥१४॥

**बसन्ती**–

बिहानै बोली धोविनी चरी मिरमिरे मिठास।
एक आँसु हुँदा धुलरम्मे ज्योति लालिंदा अकाश॥१५॥

सुनको कुचीले तस्वीर लेख्थी आकाशमा बिहानी।
बोलेको भाषा चरीले बोली, फूल रोए जलनानी॥१६॥

नबोल्ने भाषा फूलको ओठमा त्यो भन्दा गहिरो छ।
मुटुले बोल्छ घंटको स्वरमा, शब्दमा पहिरो छ॥१७॥

बनलाई भज्छे बसन्ती हावा डोलेर चामर ॥
सब चरी कंठ उसमा वोली वेरोक पावर॥१८॥

रातका सारा एकान्ती आँसु कमलका कोभीमा।
सूर्यले त्यल्लाई न फुकाइ लिए अँध्यारो खोपीमा॥१९॥

बनलाई भजी गुलाफले खोली अत्तरको बासन।
त्यो खुलेपछि खुंचिन्न पछि काँढाछन् दशन॥२०॥

**वनवीर**–

अबलाई गयो हिंउदको ठाँटो।
अबलाई भयो फूलको बाटो ॥

पोखिन्छ बनमा मुटुरस रातो।
बसन्ती पयारी।

एकै छिन फर्क, फर्कन, फर्क,
नजीकै बस, अमृत छर्क,
चूलीकी सुन, पीर्तिको मन,
आजको दिन ...
धनीको भिखारी !

सुनमा पिटी गालाका पाटा हिंउमा राखेर ।
गुलावले छोई, माणिक धर्का छिनाले डाकेर ॥२२॥

नीरका झीना रेखाले सजी चन्द्रमा लजाए ।
चन्द्रमा चीसा तिमी छौं न्यानी-फूलको नशा ए ॥२३॥

वैंशको लज्जत आँखामा झुक्छ हरिनकोसालू ।
परेला बन्यो मनको पीङ कोपिला नशालू ॥२४॥

रेशमकेशी, कपूरकी तन ! पालुवाअधरे !
आँपकी गुच्छा ! अत्तर हावा ! गुलाफ मुखरे ॥२५॥

साँझकी झीलकी तारा झैं आखा ! पानीदार उज्याली ।
ए बत्ती बनकी ! पुतलीपत्ती मन घुंछ टुना ली ॥२६॥

शंखकी घाँटी ! फुलरङकी हात, ए सुल्पी पियारी ।
उत्तर छ यौटा प्रीतिको वैंशमा कस्तूरी बिनारी ॥२७॥

बादलरंगी पछ्यौरी बुन्छ मनले बनमा ।
बनेली दिंउला गहना तिंलाई बसन्ती दिनमा ॥ २८ ॥

पिपिरा बजे, मजुरा बजे, पालुवा पुपुल्के।
सपना मेरो खँदीलो भयो– जल मेरा ककल्के ॥२९॥

छोऊँ कि हात कमल कोमल रेखाको धरम पुट?
छुट्टिनेछैनौ बसन्ती भन, मिल्दछौं यी! घटघट ॥३०॥

संसार साना कमजोरी बाधा पहेंला पात झैं।
हटाओस् हावा पीर्तिको हाम्रो वेरोक हात झैं ॥३१॥

काफल पाक्यो चरीले भनी काफल ऐंसेलू।
रंगाउन ओठ, सुनौला खाना लिन्छ्यौ कि वैंशेलु ॥३२॥

# द्वितीय भाग

नेपाली सारा, नेपाली वीर, रणका लडाका।
बादलका गर्जन, बिजूलीधार, दिनका पताका ॥१॥

बाघका बच्चा, पहाडका छोरा, वीरका गजूर!।
रणका भेरी? भीमका मूर्ति, जोशका कपूर! ॥२॥

जर्मिनको दोस्रो चलिगो धावा हावा छ हुँडर।
देशको सेवा, स्वर्गको मेवा बनाउने अमर ॥३॥

मौका है आयो मौका है जान्छ मौका है पर्खन्न।
देशको भक्ति देखाउने बेला सुनौला फर्कन्न ॥४॥

ब्रीटीस सरकारलाई छ दरकार नेपाली वीरको।
जापानले हान्यो बर्माको देश बेलामा पीरको ॥५॥

पहाडी हामी पहाडका लायक पहाडमा विजेता।
पहाडमै सेवा गर्नलाई सक्छौं शत्रुका विभेता ॥६॥

गोर्खाली वीर हो मित्रको पुकार दिलले सकारी।

हुकुम दिन्छौ वर्मामा जान– आऊ शत्रु सब मारी ॥७॥

राजाको हुकुम भो टुँडिखेलमा खरीको बोटमनि ।
वाटुलो सेतो पींढीमा उब्भी, बिझेको दिल वनी ॥८॥

"श्री तीन माराज की जय" भन्दै आकाश घन्कियो ।
लडाइँमा जान, लिनलाई मान,
वीरको दिलको जोशको ज्वाला एक साथ दन्कियो ॥९॥

खुकुरी झिल झिल घाममा चम्के कड्कडे छाप छोडी ।
तरवार भए बिजुली हजार म्यानको जेल तोडी ॥१०॥

ध्वनिको मुश्लो आकाशमा फन्क्यो नागिनी बिजुली ।
देख्नेलाई अझ आँखाको अघि जान्दछ झल्झली ॥११॥

जवान सारा अठार माथि भर्तीमा लगाउनु ।
भन्ने भो जारी, वारी र पारी देशसेवा सब आउनू ॥१२॥

त्यो इस्तिहार बमोजिम भयो पहाडमा चलन ।
जापानी दौराले रानीबनको छोयो है नन्दन ॥१३॥

वनवीर थिए चौबीस लगभग देशले बोलायो ।
देशभन्दा छैन क्यै प्यारो भनी दिलले खुलायो ॥१४॥

चरीको पीर्ति चरीको वनमा रानीबन रँगेली ।
दुश्मन आँउदा नङ्ग्राको लडाइ, भिडन्ती अकेली ॥१५॥

वनवीर गए नेपालमा भर्ती बर्मामा पछाडि ।
देशको निम्ति ज्यान दिन जोशी, के हुन्छ अगाडि ? ॥१६॥

# तृतीया भाग

**बसन्ती**–

"नजानोस् प्यारा! नजानोस् विन्ति! आँशूले पुकार्छु।
परेवा विना पोथीको बन जल भन्छ 'शिंगार्छु' ॥१॥

गौथली जोडा घामका हामी बसन्ती रानीबन।
एक जना गए उडेर आर्की के गरी थाम्ली मन॥२॥

भाँचेर गयो आँधिलो हाँगो कोपिला फुकारू।
आँशुले रून्छे विजोगको दशा– यो दशा नपारूँ॥३॥

मुटु यो मेरो चल्ने नै छैन थामिन्छ पटक्कै।
निठूरी मनले कसरी छाड्न खोजेको चटक्कै" ॥४॥

**वनवीर**–

बसन्ती मेरी ए रानीवनकी बसन्ती कोइली!।
नरोऊ कठै! हीराका दाना! फूलकी सहेली॥५॥

नभार हीरा, झल्झली हीरा! फुट्ने यी उज्याला।
गालामा फुट्ने, फूल भन्दा नरम, साह्रामा हिमाल॥ ६ ॥

निठूरी हीरा काट्दछन् कटकट चिर्दछन् कलेजा !
नमार मलाई, जिलाउन हाँस हे मेरी कलेजा ! ॥७॥

प्रेमले तिम्रो वेहेको मन सुनौला जंजीरले ।
यो लाग्नेछैन है अरू ठाँउ लोभको अंजीरले ॥८॥

म मर्ने छैन अमर आत्मा प्रेमले राख्नेछ ।
देशको सेवा मीठो हो मेवा दिलले चाख्नेछ ॥९॥

मरेमा पनी स्वर्गको बन देवको दरबार ।
अमृतको प्याला सँगसँगै प्यूँला माथी छ घरबार ॥१०॥

नमान दिक्क नझार ठूला सागर बाटुला ।
मोतीका दाना, आँखाका नाना, के दिई साटूँला ॥११॥

एक घुँक्क तिम्रो छातीमा लाग्छ भल नै फुटाई ।
नरोऊ प्यारी फर्केर आँउला संकट कटाई ॥१२॥

**बसन्ती–**
बोलीमा छाती अटाउने भए आँखाले बोल्दैन ।
भित्रको कुरा अटाउने भए दिल जलमा खुल्दैन ॥ १३ ॥

लडाँई साह्रै भयंकर कुरो गोलीको असीना ।
तरवारको छीटो बिजूली झिलझिल पहाडको पसीना ॥ १४ ॥

वनको बाटो, परदेशको फाटो, दुश्मनको चक्कर।
आँधि र हुरी बादल र वर्षा-चट्टान ठक्कर ॥१५॥

देशको सेवा घरैमा हुन्छ विशुद्ध मनले।
लडाँईमा जानु के काम प्यारा? बैंशका दिनले ॥१६॥

शङ्काले आई पातमा खुशखुश गरेर जल पोखी।
बादल लाग्छन् आकाशमा निर्मल, केले हो मन रोकी ॥१७॥

काँढाको जंगल सह्यारी बस्ने फूल रंग वैलिन्छन्।
साउनका धारा वर्षेर प्यारा! यी वन मैलिन्छन् ॥१८॥

**वनवीर**–
प्रेम हो प्यारी! देशको फूलमा, सुगन्ध फूलको देश।
देशको सेवा प्रेमको बाटो, लडाँईमा हाम्लाई वेश ॥१९॥

वीरको फूर्ति, मर्दको आत्मा मानिसको देवता।
निकाल्ने बाटो लडाँईको राम्रो– क्षत्रीको पथ ता ॥२०॥

प्रेमको सेवा लडाँईको बाटो वीरको फूर्ति हो।
यो चरी आत्मा उड्नु नै पुज्नू प्रेमको मूर्ति हो ॥२१॥

सुनन, सुन, बुझाई मन, बसन्ती जुहार।
मोतीको मोल मोतीले तिर्छ देखेर मुहार ॥२२॥

नरोऊ कठै! फूलकी छाती हावाले बिझैकी।

म आँउछु फर्की लावामा रातो किन हो रुभ्केकी ॥२३॥

किरती ली फूलको तिमी नै आउली वनवीरलाई चढाउन।
मर्दैन, वनवीर– मदैन पीर्ति– यी घुँक्का नल्याउन ॥२४॥

# चतुर्थ भाग

**बसन्ती**–

ए साउन, साउन, बादलको दाउन जाँताको घर्घरे।
धूवाँको छाउन, बिजूली साउन, टाकुरा थर्थरे ॥१॥

पातमा रुने, चीसाले छुने, धमीलो हुत्या वन।
आँशुको बाढी लडाँइको आवाज वर्षालु हे सावन ॥२॥

अकेला दरदर, वनेली झर झर, कालको चीसो शास।
भन्देन कहिले पहेंलपुर शिशिरको होला आश? ॥३॥

संझना सेतो, संझना कालो, बिजुली ज्वाला छ।
आँशुको बाफ ए सावन कहाँ बिरह शाला छ? ॥४॥

# पंचम भाग

**जूई–**

कुसुम नानी ! बोली नै राम्रो, लवजै मीठो छ ।
दरबारी आँखा चनाखा कस्तो बिजूली छीटो छ ॥१॥

मिजाजै राम्रो ! कोर्काली हाम्रो क्यै छैन रकम ।
देखेनौं केही, सुनेनौं केही, दरबारी हैकम ॥२॥

छोरी यो मेरी बसन्ती भन्ने रुपकी जुहार छ ।
तैपनि मिजाज खस्रो छ यसको, जंगली बहार छ ॥३॥

शिकाइदिनोस् यल्लाइ केही, सघाइ बेसरी ।
कस्ता को घरमा, कुन देश जाली, कर्म्मको पसेरी ॥४॥

**कुसुम–**

दरबार विध्नै राम्रो छ आमा ! मरमरको पहाड ।
बुट्टाको घर, सुनको गजूर, मनको बहाड ॥५॥

मग्मग वाश इन्द्रेनी रंग रोशनी कमरा ।
चराले मीठो, कुराले मीठो, केटी छन् अप्सरा ॥६॥

अश्मानी खोपी, गुलाफी खोपी रोशनी दरवाजा।
मोती र जुहार रेशम र हीरा, सर्व ती रीवाज॥७॥

राजा र रानी अदब रकम झिली र मिली छ।
अरू ता सारा देश र घर इली र मिली छ॥८॥

नाच र गान शिकदछौं हामी कोइली मिठासे।
झिल्मिलि नाच्छौं इन्द्रका परी विमानमा अकाशे॥९॥

अत्तर छिटी फूल झैं बस्छौं हिलेर हँसिली।
पोशाकका कस्वी मसक्क मस्की वैंशालु रसीली॥१०॥

**जूई–**
सुनूँ न कुसुम! कुसुम नानी दरबारी मोहनी।
एक मीठो गान, चरीको तान, भैरवी-सोहनी॥११॥

एक राम्रो मिल्के नाच त हेरूँ एकै छिन उज्यालो।
रमाइलो आँखा बनाउने लहड सौखको दियालो॥१२॥

कुसुम गाइन देखाईदिउँला सुनाइदिँउला गान।
दुइ भेटी मलाई टक्र्याए पुग्छ एक आँखा यौटा कान॥१३॥

मोहनी लाग्ला नहेरे बाबै, झिल्के छ जोवन।
टूनाले लाग्ला दाँतको खिंची वैंश देश शोभन॥ १४ ॥

सुनझल्का मेरो मोहनी लाग्ला, मुजुरपंखी म।
उडाई लग्छु अडेर बस, बिजूली चमचम ॥१५॥

झिल्झिले जोवन रेशमपंखी हीराको इस्टारे।
देखेर मलाई पर है हट मोहनी इशारे॥ १६॥

छंछम छुमछुम छननननना, घुघुरँ घुघुर झुङ।
पुतली चमचम पुतली चमचम फूलको वैंश तुङ ॥१७॥

लङ् लङ लँग लँग रँगको रँग रँग फर्फर फुर्फुर।
नछोऊ मलाई म उड्नै लागे वैंशकी कुर्कुर॥ १८ ॥

भनेर भाउ अनेक लाई त्यो नाची छम् छम् छम्।
कोयलीकंठी मुजूरपंखी पोशाक झल्झल झन् ॥१९॥

देखेर साह्रै सम्हनी गरिन् जूइले अघोर।
बसन्तीलाई वेश्ये भाव लाग्यो नक्कली मुजूर ॥२०॥

कुसुम भन्छिन् खिलखिल हाँसी बसन्ती पियारी ॥
गालामा राखी हथकेला राम्रा लोशनका पुजारी ॥२१॥

झर्केर फर्किन् बसन्ती भने उठेर गइन् ती ॥
कुसुम भन्छिन् "जंगली रहीछन् मिजाजकी बसन्ती ॥२२॥

लाखमा रोजा तर छ यिनको जुहारी मुहार।
अप्सरा जस्ती छन् सुकुमारी रसकी फुहारा ॥२३॥

लमकोसे आँखा बुरुसे भौंमा नौनी भैं चिउँडो छ।
मोहनी बान्की साह्रै नै राम्रो चेहरा जिँउदो छ ॥२४॥

यिनलाई लगे दरबारमा आमा मोहनी लाग्नेछ।
राजकुमार हाम्रा विघ्ने छन् राम्रा जोडी क्या जाग्नेछ ॥२५॥

एक बाजी देखे यिनलाई उनले मोहनी लागेर।
यी महारानी भइनन् भने देश पानी त्यागेर ॥२६॥

जाँउला टाढा पर देशमा बन्न जोगिनी गेरूकी।
दौलत तिम्री अदाक्ष छोरी बन्नेछन् मेरूकी ॥२७॥

बिन्ति छ आमा! पठाँऊ यिनलाई दरबारमा उज्यालो।
देशकी रानी बन्नेछ पानी भाग्यको उकालो" ॥२८॥

**जूई–**
कुसुम नानी! जो मेरो मनको कुइरे सपना।
त्यल्लाई मीठो सुरले बोल्यो बनाई विपना ॥२९॥

त्यो महारानी हुनकी लायक रुपौली छोरी छ।
भन्ने त मेरो मनमा लाग्थ्यो, सुनगामा गोरी छ ॥३०॥

**कुसुम–**
राजकुमार हाम्रा विछट्टै राम्रा रुपका लायक।
यस्तै पो खोज्थे अप्सरा राम्री स्वर्गकी एकटक ॥३१॥

कुरा म गर्छु भेट हुन्छ हाम्रो यी रानी बनकी ।
जुहार हाम्रा बसन्ती होलिन् देशरानी धनकी ॥३२॥

# षष्ठ भाग

**कुसुम**–

साह्रै नै राम्री, अप्सरा खासा, परीकी मुहार ।
करोडमा रोजा, उर्वशी सकल, वनकी जुहार ॥१॥

बसन्ती नामकी छन् रानीवनमा सुनगाभा सुवान ।
राजकुमार प्रमु ! क्षत्रीकी छोरी, मोहनी मुहान ॥२॥

साह्रै नै तिनी सुहाउँछिन सरकार ! खासा छन् दरबारलाई ।
ती जस्तो भए दरबारमा एउटा यो गर्धन प्रभुलाई ॥३॥

ती महारानी बन्नलाई खासा जून जस्ती उज्याली ।
सोह्रको प्रवेश, रानीवनभित्र, फूलबारी उकाली ॥४॥

**राजकुमार**–

म जान्छु कुसुम म आफै हेर्न मिर्गको शिकारी ।
त्यस्ती छन् साँच्चि ? अप्सरा राम्री– मै हुँला भिखारी ॥५॥

"आनन्द" को त्यो जो चित्रकारी तस्वीर उज्याली ।
ती जति होलिन् सपने ठाठकी फूलबारी उकाली ॥६॥

**कुसुम–**

त्यो भन्दा राम्री भईनन् भने गर्धन मेरो छ।
नाक र चुल्ठो कटाई लान देशको फेरो छ॥७॥

फरक सर्कार! पर्दैन यसमा मेरो छ कबूल।
तिनी छन् एउटी अकेली ज्योति देशकी एक फूल॥८॥

# सप्तम भाग

बर्माका पहाड, ढुङ्गिला पहाड, जंगली पहाड।
काँटिला पहाड, चोसीला पहाड, झाङ्गीला उजाड॥१॥

मरुको बाटो, घामले तातो पानीले बिनु पथ।
राम्रो र माटो, चीरा र फाटो पसीना लथपथ॥२॥

विमानबाट खसाल्थ्यो रोटी, बिस्कुट खजाना।
जंगलमा हिंड्दै सिपाही खान्थे लँडाइमा रवाना॥३॥

पिठ्यूँमा यौटा पानीको थैलो घाँसमा सुताई।
हमेशा जगजग छरिई बस्नु सीठीको जुटाई॥४॥

जापानी हुन्थ्यो चलाख साह्रै चटक्कै छकाउने।
एक दुइ जना देखाई यहाँ अरुलाई लुकाउने॥५॥

वायाँको फायर गर्दामा हान्थ्यो दायाँको अगाडी।
अगाडि बढ्ने देखाई भाउ हट्दथे पछाडि॥६॥

गोर्खाली लड्थे "जैकाली" भन्दै– राजा र देश संझी।

हनुमान् वेगी भीम झैं उर्ली द्यौता झैं ती ब्यूँझी ॥७॥

जापानी लड्थे चलाखी गरी बलिया पहल्मान।
मगर जूँघे किराँती जस्ता पहेंला रोगन मान ॥८॥

एक दिन पऱ्यो घमसान जङ्ग जापानी चारको।
वनवीरसँग वनमा एकलै– नेपाली धारको ॥९॥

बिजूली देखाई गिंडेर फाले स्याबासी मिल्यो खूब।
सुबीदार बनी मान पाए राम्रा पुगी गो मनसूब ॥१०॥

तर जो थिए अफीसर अरू, चाँडै नै उँचा भो।
भनेर गर्थे रिस तिनको साह्रै– शिर जसको नीचा भो ॥११॥

ओंवीर भन्ने एक कार्की थिए मानका कप्तान।
बेइज्जत भयो सभामा तिनको अरूको अपमान ॥१२॥

"यो वनवीरलाई सुबेदार अहिले दिन नै हुँदैन।
भरखरको ठीटो, क्यै छैन छिटो बहादूर क्यै हैन ॥१३॥

भनेर उनले जिकिर गरे अरूका अगाडि।
भएका कुरा नेपाल गयो लेखिई पछाडि ॥१४॥

नेपालबाट आउँदा खेरी बडापत्र राजाको।
वनवीरले पायो सुबेदार मान बहादूरमाझको ॥१५॥

लगाउँदा तक्मा कर्णेल हाँसे खुसखुस भो समाज।
धाप दिए एकले ओंवीरलाई भयो अपमान औ लाज ॥१६॥

आँखाले तर्की, फरक्क फर्की ओंवीर गए थे।
एक दिन भयो वनमा भेट रीस ईवी लिएथे ॥१७॥

हातमा थियो राइफल तिनको – वनवीर अकेला।
सलाम गर्न उठाइ हात तिनले अकेला ॥१८॥

शैतान आई ओंवीरका मनमा राइफल पड्काए।
वनवीर देखीसहेनन् तिनले एकलैमा मर्काए ॥१९॥

आश्चर्य मानी वनवीर लड्यो पक्क भो मुख रे।
छटपट गरी एक छिन मरी ढुङ्गो झैं भयो रे ॥२०॥

ओंवीर फर्के वनको बाटो साथीलाई खोजेर।
नेपाली फौज अगाडि बढ्यो जापानी थर्केर ॥२१॥

मरे छ भनी तिनलाई छाडे त्यो रात वनमा।
गएन प्राण फर्केछ आत्मा प्रेमको दिनमा ॥२२॥

"बसन्ती" भनी ढुन्मुन गर्दै जंगलको किनार।
पुगेछन् तिनी, रहेछ त्यहाँ गोठालो उदार ॥२३॥

बर्मीनीलाई गरेको बिहा नेपाली गोठालो।
देखेछ ढुनमुन नेपालीलाई दयाको उज्यालो ॥२४॥

बोकेर त्यल्ले धुस्नामा लगी बिसायो वनवीर ।
गोलीले यौटा करँग ताछी चलेको दुखपीर ॥२५॥

# अष्टम भाग

"म्याङ दाज्यू मेरो छ रानीवन फूलवारी उकाली ।
म मरें भने लेख्दिनु खबर यो कुरा सब हाली ॥१॥

बताएँ कथा – बसन्ती मेरी वैंशमा रुनेछन ।
त्यो कालो गोमन शैतान कप्तान शराप्छ आत्माले ॥
म मरेपछि ती मरिजान्छिन् ती आँशू हुनेछन् ॥२॥

वैंशको हाँगो सपना कोपिला पटक्कै भाँचेर ।
बदमाशले एउटा गोलीले माऱ्यो रीस ईवी साँचेर ॥३॥

अनंत मेरो शराप्छ म्याङ दाइ ! सपना उखाड्ने ।
प्रेमलाई मारी कलेजा फारी वैंशलाई उजाड्ने ॥४॥

त्यो भन्दा ठूला क्वै छैन पापी शराप्छु धरमले ।
म मरि गए यै घुस्नु माथी वचन नरमले ॥५॥

लेख्दिनु खबर त्यो रानीवनलाई नेपाल शहर ।
पर्वतवीरको दश नम्बर कोठी इन्द्रचोक बजार ॥ ६ ॥

ए आँशु ! आँशु ! कसरी मास्यो शैतानको जीवन ।
वैंशको मेरो सपना सारा उखाडी सुमन ॥७॥

त्यो मीठो मगमग त्यो रानीवन, त्यो चुलबुल चरेली ।
चुचौली पल्लव, फूलरंगी वैंश, त्यो झर्ना जूनेली ॥८॥

संझना मेरो पंखेटा हाली परेवा अकाश्यो ।
यो हंस उड्न खोज्दछ हरे ! दुःखले विनाश्यो ॥९॥

म्याङ दाई मलाई बचाइ देऊ सुत्छु आँशुको ओछ्यानमा ।
शराप्छ आत्मा शराप्छ आत्मा त्यो गोमन हराममा ॥१०॥

# नवम भाग

राजकुमार आए त्यो रानीवन भदौरु याममा।
गोठाला भेषी, सुन्दरकेशी थाकेर घाममा।
हिंडेर धेरै पसीना झिकी कोर्काली साथी ली।
हँसीया बङ्के, लवेदा लाई सुकीला जाति ती ॥१॥

"को छ हँ यहाँ?" घरमा शोध्छन् शुकेका पुकारा।
"को छ हँ यहाँ?" शोध्छन् हेर्छिन अप्सरा मुहार ॥२॥

जुपिटर् जस्ता ती थिए राम्रा, गोठाला भेषमा।
अपोलो मुहार ती राजकुमार वनेली देशमा ॥३॥

ती हरिनकोसे पानीदार आँखा सुनगाभा रोगनी।
देखेर एक छिन मुर्छा भो आँखा, तस्वीर जीवनी ॥४॥

छुन्मुन गरे कुमारले जब कोर्काली करायो।
"को छ हँ यहाँ?"– प्यासले साथी ढुन्मुन गरायो ॥५॥

झ्यालबाट हेरिन् जूईले त्यहाँ, कुसुमले सुनिन स्वर।
झट्पट ओर्ली ती आईन् तल बोलिन् ती मधुर स्वर ॥६॥

"को तपाइँहरू? राम्रो छ पहिरन! के भन्न आएका!
गोठालो नाइके जस्ताको उहाँ? के खबर ल्याएका?" ॥७॥

कोर्कालि भन्छ "हामी हुँ भिर्कोट देशका गोठाला।
गोठाला नाइके उ उहाँ माग्छौं प्यासको पियाला" ॥८॥

"पाल्नु होस् कठै! पसीना कस्तो गर्मीले आएछ।
मोतीको दाना भुभुप्पै वनी क्या निधार स्वाएछ।
कस्तो छ चर्को भदौरे घाम तिर्खाले दाहेछ" ॥९॥

भनेर कुसुम दुई जनालाई लग्दछिन् भित्र ती।
अह्राँउछिन् तिनी वसन्तीलाई, गजवकी चित्र ती ॥१०॥

"पानी ल्याऊ नानी! एक लोटा पानी ठंडाइ शीतल।
हेरन उहाँ पसीना झल झल गर्मीको टल्टल" ॥११॥

वसन्ती भईन् परी झैं, ढल्की अप्सरा भै आइन्।
फूल वनी लच्किन् पानीको लोटा कुमारलाई टक्र्याइन् ॥१२॥

कुमारले पिए घटघट जल, शीतल, शीतल जल।
महलको सौख बालुवा भयो, एक लोटा स्वर्ग थल ॥१३॥

लाटो झैं भई आँखामा हेरे– त्यो चाल, त्यो डोल।
जुरुक्क उठी दरबार गए प्रेमले अवोल ॥ १४॥

त्यै दिन लावालस्कर पठाई तिनलाई मगाए ।
बसन्ती रोइन्, रोइन् ती परी– दरबारमा पुऱ्याए ॥१५॥

# दशम भाग

एक अन्धविश्वास वर्मामा रैछ जंगली किनार।
भूतमा यौटा विश्वास रैछ गोठाले अपार॥१॥

भूतले खान्छ भैंसी रे वर्षै भूतले खान्छ गाई।
भूतले खान्छ घरमा बच्चा, बाबु या घरकी माई॥२॥

त्यसलाई ल्याई जम्काका भेटका पशु या जंगली।
बाहारवर्षे दिएमा बलि बन्दछ मंगली॥३॥

यो अन्धविश्वास ज्यादै नै चर्को त्यसठाँउ रहेछ।
वर्मिनी स्वास्नी त्यो माङ्की साह्रै जंगली रहीछ॥४॥

देखेर हाम्रो वनवीरलाई जंगली जंकाभेट।
त्यो बाह्रवर्षे भूतथानमा दिन कर गरी त्यल्ले ठेट॥५॥

पोइ चाहिनी भई नेपाली हाम्रो त्यसमा नमान्दा।
दाइज्यो खेत खुस्काउन खोजी धंकाइ दी फन्दा॥६॥

आधा त्यो वर्मी नेपाली पनि विश्वास लागेको।

माने झैं गरी स्वास्नीको कुरा मनमा जागेको ॥७॥

खेदलाई साह्रै अटाउनलाई भएर गाहारो ।
भनेछ थोरै सुँइको दिन वनवीरलाई साहारो ॥८॥

"म मार्छु आफै" भनेर भनी "हातले आफ्ना यी ।
दिन दिन रोकी त्यो भन्दो रैछ, एक हप्ता हप्ता दी ॥९॥

"बलिलाई पलिहे पारेर मोटो, पछि यो चढाउनु ।
दुब्लो नै दिए भूत रिसाई आउला, झन् काल बढाउनु ॥१०॥

भनेर बल्लतल्लमा त्यल्ले निको है पारेछ ।
बल भरी केही घीउ र दूधले जा भनी झारेछ ॥११॥

सुँइको पाई वनवीर लम्क्यो जंगलको किनार ।
नपाउनु दुःख पाएर एक्लै हिँडेछ उजार ॥१२॥

ढुङ्गाको गरी तकिया काँही घासमा सुतेर ।
वनमा एकलै बाघसँग लडी लट्ठीले चुटेर ॥१३॥

रुखको हाँगा बनाई बास, तीन रात सुतेर ।
बाघलाई छली, भोकले गली चलदथ्यो उठेर ॥१४॥

त्यो वीर आखिर एक ठाँउ आयो चोरको पौवामा ।
नङ्गै पो देखी वंचरो राखे चोरले मौकामा ॥१५॥

पहाडमा हिँड्दा तिर्खाले सताई पातको पानी पी ।
बल्ल र तल्ल बचेर हिंड्यो हजार आपद ली ॥१६॥

वर्माको किनार आउँदा झंडै अंग्रेजी फाँसीमा ।
ज्यादै नै दुःख वनवीरले पायो, के बयान घाँसीमा ॥१७॥

# एकादश भाग

बसन्ती तर दरबारमा गइन्, उज्यालो दरबार।
बगैंचा राम्रा फुलका रंगी–ध्वजा र तरवार॥१॥

बिगूलको पूँ पूँ, तरही घूँ घूँ, टेन्छेन सिपाही।
रंगीन खोपी रमाइला पोशाक सुनका त्रिपाही॥२॥

दौलत ठाँट, मखमल कार्चोप, गादी छन् सुनौला।
सिर्केछन् अत्तर, सुन्दर झिलमिल साजहरू सब नौला॥३॥

खोपीमा लगे अश्मानी राम्रो केटीले शिंगारे।
पाउडर लाए भुवाले गाला छोएर शिंगारे॥४॥

ऐनामा लगे, कपाल राम्रो ठाँटको बनाई।
मुकुट एउटा सुनको लाए हीराले झल्काई॥५॥

ऐनामा तिनी अरुले हेर्दा अप्सरा देखीइन्।
ऐनामा थुकिन् तिनले तर शिंगारले रूखीइन्॥६॥

राजाले हेरे अगाडि राखी उम्दा ती मोहनी ।
अप्सराभरकी अप्सरा थिइन् स्वर्गकी रोशनी ॥७॥

राजाले भने– "उर्वशी यिनको नाम भयो अबलाई ।
यी महारानी हुनेछन् अब– रोज्दिन अरुलाई ॥८॥

विवाहनिम्ति ज्योतिषी हाम्रो बोलाई ल्याउनू ।
चाँडै नै हुने लगन हेर्न तिनलाई लगाउनू ॥९॥

राजाको हुकुम सुनेर झुकी केटा र शिंगारे ।
"सब इच्छा इनको पुऱ्याऊ" भनी पठाए त्यहाँ रे ॥१०॥

# द्वादश भाग

**केटी**–

श्री महारानी उर्वशीलाई के भयो ? के भयो ?
ज्यूनार हुन्न, पानी नै पनि पिलाउन मुश्कील भो ॥१॥

अनार शर्वत हेरेर खालि टोल्हाई बक्सिन्छ ।
पहेंलो भयो मुहार सारा के हुन्छ ? के हुन्छ ? ॥२॥

**राजा**–

"बोलाउनु डाक्टर असल डाक्टर राजवैद्य झिकाउनु ।
नखाए पनि नपिए पनि कोसिसले पिलाउनु ॥३॥

मनमा कस्तो विचार चिन्ता दहन्छ, रहन्छ ।
सबले राम्रो मन पेट बुझ्नु या दर्द के हुन्छ ॥४॥

डाक्टरले आयो पाएन केही, वैद्यले पाएन ।
अमलपित्त भनेर गयो, औषधि लागेन ॥ ५ ॥

झन् झन् ती भइन् पहेंली साह्रै कलिली शुकालु ।
दुब्लाई गइन्, रहेन सत्व, फूल झैं मुर्झालु ॥६॥

राजाले दिए जुहारत तिनलाई मोतीका हार सारा।
माइतीलाई ल्याए, आमालाई ल्याए बोलीनन् बेचारा॥७॥

आमालाई देख्दा लमकोसे कूना आँशुले रसायो।
धेरै नै सोधे बोलीनन् केही देखेर दशा यो॥८॥

राजाले ल्याए मनका वैद्य, तंत्रका पूजारी।
झारफूकेहरू सब लाइदिए गलिन् ती बेचारी॥९॥

पिंजराभित्र परेकी चरी सुनको जंजीर।
अबोल आत्मा रोएर बस्यो मासर्सम्म मंसीर॥१०॥

मंसीरको जब संक्रान्ति भयो मुरझाई पहेंली।
मरणशय्या बीचमा रहिन् आँशूले रसीली॥११॥

सुनगाभा भन्दा ती राम्री थिइन् साँझकी पहेंली।
तुलसी-मठमा कुमार रोए हेरेर उजेली॥१२॥

"के इच्छा तिम्रो आखिरी भन पुऱ्याउछु" भन्दामा।
चिम्लेर आँखा ती चुप्प रहिन् स्वर्गको धन्दामा॥१३॥

आखीर गयो तिनको प्राण "फूल फूल बिछाऊ"।
भनेर खाली त्यसै नै गरे राखेर सब भाउ॥ १४॥

# त्रयोदश भाग

राजा ती रोए– "गइन् नि कठै ! जगत्की उज्याली ।
दरबारले मेरो के गऱ्यो तिनलाई हत्या भो अकाली ॥१॥

क्वै शक्छ छ भने जिलाउन तिनलाई महल गर्छु दान ।
अमृत कहीं छ भने ल्याउन तिनले गरून् पान ॥२॥

स्वर्गकी रोशन, सुन्दरकी बत्ती, चन्द्रमा प्रकाश ।
हराउँदा तिनी अँध्यारो भयो देशको अकाश ॥३॥

# चर्तुर्दश भाग

वनवीर बल्ल नेपालमा आयो, त्यो रानीवनमा।
कहानी सुन्यो बसन्ती को त्यो, आँशु ली मनमा ॥१॥

रोएको आत्मा बोलेन केही भल भल भित्रै भो।
ती महारानी भइन् रे भन्दा विव्हलको चित्रै भो ॥२॥

शहर गयो तुरन्त रूँदै वनको चरो रे!
बहुलाहा जस्तो रिठ्ठाली एउटा कम्मरमा धरो रे ॥३॥

राजमहल जाँदा वसन्तीलाई जिलाउने "म धामी"।
भनेर त्यल्ले वल्ल र तल्ल रानीवन भरना भो" ॥४॥

राजाको कानमा पुऱ्यायो कुरा तीन दिन कुरेर।
राजाले सुने बोलाउनु भने आदर गरेर ॥५॥

बसन्तीको त्यो लासलाई भरखर फूलले वेह्रेर।
लैजानलाई लस्कर तयार थियो त्यो हेरेर ॥६॥

देखाई लासलाई राजाले भने, "उ त्यै हो बसन्ती।

एक घढी अघि आएको भए हुँदी हो जयन्ती ॥७॥

तर त्यो मीठो उज्यालो छैन, त्यो फूल मुरझायो।
स्वर्गको चरी, पिजँरा छोडी गई सकी काल आयो ॥८॥

म महारानी उर्वशी भन्थेँ, सुनले छाएर।
नखाई केही वैलाई गइन् दिन यस्तो आएर ॥९॥

दरवार मेरो म दान गर्थें तिनलाई जिलाए।
जिंउदिनन् तिनी तर हे धामी अमृतै पिलाए" ॥१०॥

भनेर राजा घुँ घुँक्क भए, आँशूले छायो दृक।
रुमालले पुछे नजर एकलै, मनमा अति दिक ॥११॥

रोएर धामी वनवीर भन्छ, " हे स्वामी स्वदेशी!
भूल गरिवक्स्यो हजूरले अघोर, काम भयो विदेशी ॥१२॥

नङ र मासू कलेजा मुटू दुइ हामी अगाडि।
प्रेमका चरी त्यो रानीवनमा खेल्दथ्यौं मन गाडी! ॥१३॥

छुट्टीन्नौं भन्ने प्रतिज्ञा थियो, अकेली बेचारी।
लडाँइको वनवीर संझेर मरिन् जलपान सब छाडी ॥१४॥

एक घडी अघि मलाई तिनले देखेको भएमा।
फर्केर आँउथ्यो उडेको आत्मा ती खान्थिन घरीमा ॥१५॥

अफशोस् सर्कार!" आँशूले भई अनोठा वरर।
वनवीर भन्छ "ती गईगइन बाँच्दोछु म हर ॥१६॥

ती होलिन् जिउँदी भनेर मैले वर्मामा लडेर।
बेइमान आफ्नो स्वदेशी गोली खाएर मरेर ॥१७॥

'बसन्ती' भन्दै आत्माले फर्कैं बर्मामा दुख पाई।
हजारन दुःख जेलेर फर्कैं संभ्भेर तिनलाई" ॥१८॥

राजाको नजर आश्चर्य भरी वनवीरमा परेर।
रसाई आँखा एक छिन हेरे गौड खूब गरेर ॥१९॥

"ती तिम्री प्यारी बसन्ती तब" राजाले सोद्धछन्।
"निराहार भई मरेकी हुन् त?" एक आँशु पुछ्दछन् ॥२०॥

वनवीरले तब यो विन्ति गरे "वर्म्मामा मलाई।
एक ठूलो साधु मिलेथ्यो सरकार! ज्ञानगुन शिकाई ॥२१॥

उनले यौटा संजीवनीको टुक्रा एक विचित्र।
दिएको मैले राखेको यहाँ जलमा पवित्र ॥२२॥

प्रयोग गर्न अहिले पाए ब्यूँताउन शक्तछु।
मरेको एक घडीलाई यसले जिलाउन शक्तछु ॥२३॥

उही यौटा टुक्रा सिवा सरकार्को मसँग क्यै छैन।
अवेर होला पिलाउन पाऊँ! हुकुम मिलोस्न! ॥२४॥

राजाले भने– "चाँडै नै जाऊ" वनवीर दगुरे।
लासलाई गई संजीवनीको एक टुको दिए रे ॥२५॥

मुख खोली – वर्वर झारेर आँशू – गलामा घचेडी।
पानीले निलाईदिए त्यो टुक्रा सबका अगाडि ॥२६॥

लस्कर रह्यो आश्चर्य टक्क – सब परे छक्क रे।
"बसन्ती आऊ, फर्केर आऊ, वनवीर यहीँ रे ॥२७॥

भनेर आकाश फर्केर रोई ताराका अगाडि।
बसन्ती चाँडै वौरेर आइन् त्यसका पछाडि॥ २८ ॥

"अय्या" पो भन्यो मुर्दाले भनी सब जना दगुरे।
बसन्ती चलिन् क्यै आँखा खोलिन् क्यै आँसू बर्बरे ॥२९॥

वनवीर रोए, सब आँखा भए अद्‌भुतका बिजूली।
दगुरी आए राजा नै आफै पाउपोष सब भुली ॥३०॥

"बसन्ती तिमीलाई कस्तो छ!" भनी राजाले बोलाए।
बोलिनन् तिनी, वनवीरले जल प्यारले पिलाए ॥३१॥

वनवीरलाई देखि बरर भई हात तिनले समातिन्।
मुखमा औंला दिएर गरिन ईशारा क्यै मागिन ॥३२॥

फलको रस गिलासमा ल्याई वनवीरले पिलाए।
बसन्तीलाई फर्काई लगे मखमलमा सुताए ॥३३॥

वनवीर वसे वैद्य भैं त्यहाँ, बसन्ती वौरेर।
ईश्वरै आयो दरवार भन्छ आश्चर्य भएर ॥३४॥

राजाले ल्याए हीराको माला दुइटा हातमा।
वनवीरको गला यौटा गो आर्को बसन्ती साथमा ॥३५॥

"बसन्ती तिंलाई संकोच छैन दैवले बचायो।
वनवीरको कथा जान्दछु अव प्रेम कस्तो सच्चा यो! ॥३६॥

मरेर जियौ स्वर्गमा पुगी फर्केर उज्याली।
रानीवन जाउली गीत गाउली खाउली फुलवारी उकाली ॥३७॥

यथेष्ट धन लिएर गए प्रेमको दंपति।
भूलचुक मेरो गरे है क्षमा दिलकी संपति॥ ३८ ॥

तिमीलाई मैले ल्याउन यहाँ भूलले जानिन।
फर्काइदे भन्थ्यो मनले उहीँ दिलले मानिन॥ ३९ ॥

वनवीर तिंले राजालाई जित्यौं स्वर्गकी रोशनी।
यी तिम्रै भइन, मसँग वैली उडेर जीवनी ॥४०॥

बसन्ती अब तंग्रन्छिन् दिन दिन क्यै छैन डर रे!
भोली नै जाऊ ए रानीवनका ढुक्ढुरका जोडी रे॥ ४१ ॥

आदरसाथ सुनको पाल्की साथमा बिदाई।
राजालाई जित्ने एक प्रेम देखें, अमृतको जिलाई ॥४२॥

राजाले हेरे नारीको घडी पाँच बज्यो सिर्सिरे।
हवाले दिनको चीसोपन ल्यायो, तब भो मिर्मिरे ॥४३॥

सुनौला भयो बिहान जब धोविनी वासामा।
सुनका पाल्की तयार भए विधिका पासामा ॥४४॥

जुहारत लिई दंपति फर्के वर्माको कहानी।
खुशमुख रानी बसन्तीलाई।
वनवीर दिन्थे सुनाई हाइ!।।
रुन्थिन् ती जून, प्रेमका कण, जाइ झाङमा बखानी ॥४५॥

विवाह गरी धेरै दिन भयो ढुक्कुरको जीवन।
बसन्ती वनवीर दुवैको नाउँ फूलमाला उनन ॥४६॥

# बसन्ती (अंश)
## (लघुकाब्य)
### संबोधन

हे मेरा भाइ ! हे मेरा बहिनी । साँझ र बिहान ।
आकाशका रंगले,
बादलका चाँगले,
पानी झैँ बोल्छ हावाझैं चल्छ मनको मुहान ॥
सपना आउँछन् कुइरीमंडल शून्यलाई ढाकेर ।
बादलको बस्ती आकाशमा बस्छ आँखालाई नाघेर ॥
भनूँ कि राम्रो यो यौटा कथा आकाशमा फुलेको ?
पहाडी झर्ना छर्छरे जुहार स्वप्नामा बोलेको ?
कथाको देशमा उज्यालो आर्कै, आर्कै छ जीवन
सुनेको मनको स्वर्गको रेखा हावाको सुमन
सपनाभित्र गरेको काम सुनौला ज्वालामा
देशको हुन्छ सभ्यता सच्चा, रस झर्छ प्यालामा
एक राम्रो कथा एक बस्ती हुन्छ, एक देश उज्यालो,
चढूँ कि आज सपने वनको रमाइलो उकालो ?
सबभन्दा राम्रो जीवन हाम्रा कल्पना बुन्दछे ।
देखेको साङ्ग्रो सुनेको थोरै,
छोएको कडा भएको भोरै,

हाम्रा ती राम्रा एकान्तमा जो सपना उन्दछे
झ्याउरे गाना, स्वदेशी ताना, खोला झैं कल्कले
झोपडी घुमी गीत गाउन आए नभन्नोस् फत्फते।
चराले बोल्छन्, ढुक्कुरले बोल्छन हरिया वनमा
गीत गाउनु मेरो आँखाको दोष खोप नहोस् मनमा ॥

**[१]**

**(बसन्ती र वनवीर रानीवनमा घाँस काटेर जुहारी खेलिरहेछन्)**

**वनवीर–**

ए है! यो वन यो रानीवन यो मीठो रानीवन।
जल र थलमा बल्दछ दीप सपना जस्तो धन ॥
फागुनले हाल्यो फुलारु रंग गिर्खालु हाँगामा।
हरियो प्यूरी घामले कात्यो बसन्ती धागामा ॥
सूर्यले कोल्टे उत्तरको फेरे, सात रंगी बन्यो घाम।
पहाडमा आयो सिर्सिरी नयाँ, काफलको घन्क्यो नाम ॥
कीपको फूलमा पुतली सुती, गंकियो सुन्तला।
परीको ढोका बनाउँछ आलुबखडा यो थला ॥
दारिमको रातो गिलासमा चर्को केशरको सर्बत छ।
घुम्रेका पात लम्बेर फुके, कुत्कुते पर्वत छ ॥
लहरा जहाँ रुखलाई बेर्छन् नङ्ग्राले मायाको।

यो परी वनमा नयाँ छ संसार प्रेमका छायाको ॥
कोयलीको कुह यौटा छ तिम्रो यौटा छ मेरो झैँ।
ध्वनि र प्रतिध्वनि छ दुइ आत्माको घेरो झैँ ॥
भनन, भन, बसन्ती बेला! फलको झाडीमा।
जुनेली कथा फुलेर आए प्रेमको बाढीमा ॥
पालुवालाई छोएर चित्त नबुझी हावाको।
हलुका रेशम घुँघर हुन्छ कोमल दावाको ॥
सुनगाभाभन्दा उज्यालो रोगन सुनमा पिटेको।
गालाको पाटा बिध्नै छ राम्रो तिम्रो है जुटेको ॥
यी आँखालाई एकवाणी हेर्नु प्रेम गर्न सिक्नु छ।
मोहनी जिउँदो पिएर लठ् भै भाषामा डुब्नु छ ॥
लालपातेभन्दा रसिला ओठ खोलेर बोलन।
मोतीको भाषा ढुक्कुरको दिल झैँ छातीको खोलन ॥
ए रानीवनका बसन्ती रानी! तिमीलाई भनेर।
फूलको गाछी ऋतुले रच्यो क्या रंग चुनेर ॥
बेलीको फूल झैँ दुइटाको यौटा दिल हाम्रो बनाउँला।
एउटै रस, एउटै ढुक ढुक, जीवनलाई तुल्याउँला ॥
सुनै सुन फुली हेरन जाई सुनमा सुगन्ध।
तिमी छौ अझ जाईभन्दा राम्री जिउँदी सुगन्ध ॥
हरियो राज्य मखमली गद्दी, पालुवा चामर छ।
धन तिम्रो रंगी कुवेरको तंगी
कचौरा तिम्रा फूलका राम्रा, अनोखी पावर छ ॥
जुहार तिम्रा हाँगामा झलझल, वन तिम्रो पन्नाको
हे रानीवनकी सुन्दनी रानी!
तिम्रो छ भाषा हजार चरा, चाल सानो मुनाको ॥
नीरको दरबार हवेली खासा, बालको छानो छ।

सुनले छाउँछ आकाश तिम्रो
स्वर्गको दरबार गुलाफको शैय्या आकाशमा मानो छ॥
मिर्मिर तिम्रो ठुलआँखे केटी वनका सहेली।
हे रानीवनकी उज्याली रानी! राम्रीमा अकेली ॥
तँलाई खालि मायाको दिलले हेर्दछु भनन।
स्वर्गको राजा बनाउँथ्यो मलाई पियारो वचन ॥

**बसन्ती–**

चरीको उडान आकाशसम्म, फूलको उडान घाम।
अरु ता मैले देखिन केही संसारमा यौटै नाम ॥
फूद्दछघलले लेख्छ सुनौला किताब, हरियो मसीमा।
वनले लेख्छ अक्षर यौटा, यौटैको महिमा ॥
बादलले लेख्छ सुनको लिपी दिनले पाऱ्यो टक।
संसारको राजा देख्दछु यौटा, यौटैमा पऱ्यो लख ॥
बोल्दैन मीठो कोयली को हो? हाँगामा झुलेर।
कसले देख्यो हृदय बोल्दो वनमा फुलेर? ॥
गुलावमा फुल्यो लाजको लाली, बेलीमा फुल्यो दिल।
हाम्रो त माया पालुवा जस्तो, आँखामा हाम्रो झील ॥
हरियो माया हाँगालाई पक्री कोपिला बनाउँछे।
सुगन्ध दिलको रंगीलो पारी हावालाई गुनाउँछे ॥
पत्रको पत्र थोपा र थोपा लुकेको देखिन्न।
चुँडेर हेरे दिल हेरुन् हाम्रा तैपनि बुझिन्न।
कमलको सानो कोपिला मेरो सूर्यलाई चढाएँ।
म भन्ने अब देखिन्न आफू जल भई बिलाएँ ॥

**वनवीर–**

क्या मीठो राम्रो सुगन्धी बोली फूल सारा बोल्दछन्।
इन्द्रेनी रंगका सात सुरे अधर इच्छाका खोल्दछन् ॥
वसन्ती रानी! वनकी छोरी! पहाडी गुलाब।
फूलले बोले चराको भाषा बुझियो सुहाव ॥
पहाडले खोजे फूलमा बोल्न ओठ मात्र सुहायो।
पहाडले खोजे चरामा बोल्न अर्थ नै बिलायो ॥
स्वर्ग र धरा हावा र आकाश साराको सुन्दर।
खिचेर तिमी फुलेकी फूल, शोभाकी मन्दिर ॥
सब चीजभन्दा उडेर बोल्छ्यौ खोलेर विचित्र।
पहाडको कुंजी, वनको कुंजी भाषाको पवित्र ॥
केही बोल्न खोज्छन् हरिया वन केही बोल्न खोज्छ घाम।
सबैको भाषा तिमीमा पूर्ण देखिन्छ आठौँ याम ॥
प्रेम भन्ने यौटा पवित्र लहर हरियो सागरमा।
बोलेर उठ्छ, झुल्केर उठ्छ अनोखी पावरमा ॥
लाल मोहर छाया गुलाफमा हेर! तिमी छौं उज्याली।
अबलाई सधैं रे मेरे धन... स्वर्गकी दियाली ॥
जाईको फूलको श्रीपेच बनाऊ, कमल हीरा शीत।
पन्नाको लुर्कन पालुवा लाऊँ, सुनगाभा कल्ली प्रीत ॥
आकाशलता सुनका चुरी, मोती फूल इस्टार।
कल्कीको फूल हुमाउँ बनाउँ, वनकी जुहार ॥
हरियो वनको हरियो रेशम मनले सिलाउँला।
कल्पने चोली सपने सारी रानीलाई लगाउँला।
परीको छाता भन्ने छ झार मखमल कलीलो।
घाम हुँदा चर्को ओढाउँला तिंलाई मान गर्न रसीलो ॥
फूल फूल्दो शरको रंगीलो पाखा शय्या छ सुत्नलाई।
उत्तर फूलको पहेंलो गिर्खा खुश्बू र रत्नलाई ॥

यौटा छ रुख, खुकुरी रुख, खुकुरी पतली।
वसन्त भित्र खुकुरी छर्ने परीको खुकुरी ॥
त्यसैले गर्छ तिमीलाई रक्षा वनकी हे रानी!
सिंगार तिम्रा म ल्याउँला खोजी साँझ र बिहानी ॥
औंसीको गाजल, सितारे फूल, हरिया दरबार।
सिरुको पात बस्दछन् पाले, बनेली घरबार ॥
फूलको काँचको कचौराभरी मौरीको खानाले।
रजाइँ तिमी वनमा गर रानीको पानाले ॥
चरीका परी गीत गाउलान् गीत बुट्टादार पँखेरु।
बादलको सुनको लहँगा लाउनी सपने सवेरु ॥
झीलको ऐना निर्मल हेरी... साँझको पहरमा।
परी झैं डुल्दी टाकुरे वन सल्लाको मरमरमा।
हावाको खोला सुनेर सपना देखौली सब सुरमा ॥
जुनेली सुनले छाउँला छानो पराले झुप्रैको।
फर्सीका फूल जडूँला त्यसमा सुन फुल्ने थुप्रैको।
जहाँ छ झर्ना हीराको छरबर भ्याउमा गुडेको।
बनाउँला त्यहीं सपने घर प्रेमले जोडेको ॥
किनूँला भेडा चाँदीका भेडा बादलरंगी ऊन।
पाठालाई च्यापी हेरुँला रानी साँझको उनी सुन ॥
काटुँला झीनो निगालो राम्रो खोपूँला त्यसमा प्वाल।
बजाउँला मीठा मनका भाखा हावाले चोरोस् छाल ॥
यी धन भए, वनकी रानी! मलाई नबिर्स।
प्रेमकोफूल वैलिन्न भन्छन् संसारले नतर्स ॥
ढुक्कुरले बुझ्छ ढुक्कुरको दिल एकबाजि कुर्लेको।
एकबाजि फुल्यो सधैंलाई फुल्यो
नमरी जान्न गुलाफको रंग घाममा उर्लेको ॥

**बसन्ती–**
पीरति आफ्नै उज्यालो धन, आफ्नै छ जुहार।
संसारको दौलत छँदै छ यसै
हावा झैँ मन हरियो वन गर्दो छ विहार ॥
जादूको दरबार बनाउने मन अमर ज्योतिमा।
विश्वास पाए चाहना केही आँखाको मोतिमा ॥
मन मिलेदेखि वनको राज्य इन्द्रको स्वर्ग छ।
अब त जाउँ कि घाँस भरी भयो
साँझको रायो मुसकानमा लाजको बिदाको अर्थ छ।।

## [२]

**कुसुम–**
छोरी त तिम्री साह्रै नै राम्री लाखमा पहिली।
आँखा नै बोल्छन् गाला नै फुल्छन् रोगनै जुनेली ॥
भँवरापंखी घुँघुरे केश रेशमी केस्रा छन्।
मिलेको डाल सलक्क साह्रै सब अरु फुस्रा छन् ॥
कुचीले तस्बीर लेखेको भौं छ नौनि झैं चिउँडो छ।
बिध्नै छ राम्रो सलक्क नाक, चेहरा जिउँदो छ।
लालपाते ओठ रसिलो धर्का मिलेको सल्लक।
अप्सरा जस्ती देखिन्छिन् राम्रो हेर्दामा पुलुक्क ॥

हाँसका फुल झैँ कुर्कुच्चा राम्रा केराकी सुप्ली छन्।
बैंसको जोडले बोल्दछिन् थोरै तरंगी दुब्ली छन्।
हिँउको पहारामाथिको जून पूर्णिमा उदाउँदा।
झल्किन्नन् यस्तो नबोल्ने स्वाँगको बैंसले सुहाउँद ॥
नेपालमा छैनन् यो जस्तो राम्रो दरबार शहरमा।
राजाकी रानी बन्नलाई यिनी सुहाउँछिन् रहरमा ॥

**मालती–**

कुसुम नानी! दरबारमा तपाईं कति भो बसेको?।
बोली नै राम्रो चाल नै मीठो अमृत घुसेको ॥
साह्रै नै राम्रो लाग्दछ कुरा, लवाइ बोलाइ।
बसन्तीलाई दरबारै पठाउँ झैँ लाग्छ मलाई ॥
गरीबको झुप्रो गोबरको थुप्रो क्यै छैन घरमा।
न लाउन पाई न खान पाई, बावुको भरमा ॥

**कुसुम–**

मालती दिदी दरबार भन्नु कलिको स्वर्गै हो।
झिलि र मिली दौलत जुहार राजाकै घरकै हो ॥
चिताउनुपर्छ सब कुरा मिल्छन् आनन्द अघोर छ।
लाउन र खान के बयान गर्नु? मोरीकै मोहोर छ ॥
सफाइलाई सुघरलाई ठाउँ आर्को पाइन्न।
उत्तर रेशम मिष्ठान मेवा सपनामा छाइन्न ॥
कुरा नै आर्कै, भाषा नै आर्कै, चालै नै बेग्लै छ।
सिकिन्छ कति, जानिन्छ कति एक संसार सग्लै छ ॥
काइदा कदर ढङ्ग र रङ्ग चलाखी विचित्र।
दरबारमा नगै उसले सिक्यो? शहर घरभित्र ॥

राजाको दाहिनी हात नै बनी रानीको आसनमा।
देश राज गर्न पाउँछिन् छोरी चरीको भाषणमा ॥
चामर डोल्छन् चँदुवा झुल्छन्, मखमली बिछौना।
उत्तरको खोला जुहारका गोला सुनका झुलौना ॥
हीराको घप्की मोतिले झप्की राज गर्नु वहाँ छ ?।
वनको झुप्रो गोबरले टाल्नु छोरीलाई यहाँ छ ॥
राजकुमार हाम्रा अत्यन्तै राम्रा विद्याका बयानी।
शिकारमा हुन्छ सवारी यहाँ यो वनमा बखानी ॥
बसन्तीलाई उनले देखे दरबारै भुल्नेछन्।
टपक्क टिपी लैजान्छन् घर रानी भै फुल्नेछन् ॥
एक ढींडे आई खुकुरी कंवर गीत गाई लैजाने।
बसन्तीलाई बनाउन रानी हामीलाई के जाने ? ॥
औला र दौला बनौली दिदी ! धनको वैरोमा।
बसन्तीलाई कुमारलाई देऊ नदेऊ जैरोमा ॥

**मालती–**

कुसुम नानी ! लौननि ! मलाई मनमा लागेको।
तपाईंले च्वाट्टै बोल्नु पो भयो सपनामा जागेको ॥
सपनामा देखें कुसुम नानी छोरीलाई बसन्ती।
यो महालक्ष्मी जन्मेकी भनी गाएर जयन्ती ॥
फूलको खटमा बोकेर लगी रानी भै भन्दथे।
म रोइरहें सपनामा देखी– यी आवाज सुन्दथें ॥
साँच्चिकै हो कि हुने यो सारा रानी पो हुन्छे कि।
उज्यालो निधार बलेको साह्रै रानी पो बन्छे कि ? ॥

**कुसुम–**

दिनको घाम झैँ साँचो छ सपना लाखामा रोजा छिन्।
देशकी रानी नबने यिनी हिमाल होचा छिन् ॥
यिनको बयान राजकुमारसँग एकबाजि गरुँ त।
नगरी छोड्लान् यिनलाई पाउन कुरा नै छरुँ त? ॥
यी रानी वनकी रुपकी रानी रानी नै बन्नेछिन्।
हात्तीमा चढी लडी र बढी जुहारै छर्नेछिन् ॥
औला र दौला मालती दिदी घर तिम्रो बन्नेछ।
नदेउ है यिनलाई फकिन चाँडो नत्र आश शून्ये छ ॥
बन्देज गरी राम्ररी राख्नु नछाड्नु वनमा।
देशको जुहार बाँदरले टिप्ला होश राखे मनमा ॥

## [३]

**वनवीर–**

लहरामाथि श्रीकृष्ण बसी बजाए मुरली।
संसारको आत्मा चराझैं बोल्यो करली कुरली ॥
बसन्ती! भन हरियो वनमा के आउँछ उरली।
बोलेको भन्दा बजेको मीठो मनको पिर ली ॥
मुरली मनको बजेर आउँछ टिरली टिरली।

**बसन्ती–**

लहरा एउटा सपना थियो जिन्दगी थियो वन।

श्रीकृष्ण थिए मनका मालिक, प्रमेको थियो छल ॥
संसारका चरा प्रेममा बोले मुरली सुरमा ॥
हरियो सागर जीवनको उछ्ल्यो त्यसको भरमा–
गीत गाइरहेछन् अफ्र ती कृष्ण ध्वनिको घरमा ॥
बादलले आई टाकुरालाई सुनले बेर्दछ ।
कुइरो आई पहाडलाई प्रेमले घेर्दछ ।
लहरा भुली हाँसेर हेर्छ रुखको कम्बर ।
नदीले बेर्छ वन र खेत, पर्वतले अम्बर ॥
बाहुली तिम्रो लहरा भए हावा यो भए मन ।
मिर्ग भैं आज न नाचूँ हामी रमाइलो रानीवन ? ।

**बसन्ती–**

पालुवालाई हावाको निंता, मौरीलाई फूलको ।
रातको निंता तारालाई राम्रा दिललाई दिलको ॥
किरणलाई निंता लहरको सुन्दर नाच र गानमा ।
मुटुको जीवन, मुखको पवन प्रेमको पानमा ॥

## [४]

**खड्गवीर–**

मालती ! आए बसन्ती माग्न धनीको घरबाट ।
के हेर्छेस अब ? बैंसकी छोरी लौ गर् त क्यै आँट ॥

असर्फी थापा पहाडका धनी बलिया अघोर।
लखपति त्यस्ता पाएमा फेरि, के गर्छेस निचोर ?॥
दुइ आँखा चिम्ली चढाए हुन्छ हेर्नु नै पर्दैन।
ठूलो छ घर छेलो र खेलो
नराम्री भए बसन्ती छोरी क्वै बिन्ति गर्दैन ॥

**मालती–**

हुन त हुन्थ्यो ठूलो हो घर सासू छन् माया रे।
दौलत निकै बयानी भन्छन्... बूढा छन् थापा रे ॥
पैंतालीस वर्ष नाघेको मान्छे बैंसकी छोरी छ।
बूढालाई दिन्छु भनेको सुन्दा त्यो देख्ने तोरी छ ॥

**खड्गवीर–**

नाटी र कुटी ज्यादै नै ठूलो भनेको मान्दैनौ।
चालीस वर्ष के बूढो हुन्छ– व्यवहार जान्दैनौं ॥
जे मन लाग्छ छोरी र आमा मिलेर बेहोर्नु।
मलाई फेरि नसोधे केही– लगाउँला कन्कर्नु ॥

**[५]**

**थापा–**

ठूलो पो रै छ, ठूलो पो रै छ, खड्गवीर खड्का रे।

त्यसकी छोरी हामीलाई दिन कस्तो यो अड्का रे॥

बुझिस् ए धने ! पच्चीस जवान चूपचाप लैजानु ।
त्यसकी छोरी बोकेर ल्याउनु पाल्कीमा त्यो सानु ॥

गाउँले आए लठ्ठी र पट्ठा इज्जतलाई बचाएस् ।
यै हप्ताभित्र यसकी छोरी यो घरमा भित्र्याएस् ॥

**[६]**

वनमा आयो रोएको आवाज बैंसको चिच्याहट ।
भालु पो हो कि ? बाघ पो हो कि ? केको हो कराहट ? ।

मानिस ता निक्कै ग्वाग्वर्ती पो छन् लट्ठी र खुकुरी ।
चोर पो हुन् कि ? गुण्डा पो हुन् कि ? पार्ने भो ढुकुरी ॥

खड्गवीर रुन्छ गुहार मागी गाउँले छन् लाचार ।
पाल्कीमा आउँछ रोएको आवाज ए वनवीर ! विचार ॥

बाघको जुँघा उखेल्ने वीर उफ्रियो बुर्लुक्क ।
पच्चीस लाठे आँखामा त्रास पल्टियो पुर्लुक्क ॥

"छड् छड्" पो भन्छ सिंह झैँ गर्जी पच्चीस जवानमा।
हातमा यौटा लट्टी छ खालि उसको कमानमा ॥

पच्चीसले घेरे पच्चीसले बेरे चार नै तरफ।
"अर्काकी छोरी लग्ने को डाँकू?" गर्जन्छ सिरफ ॥

धनेले ताक्यो लट्ठीले पिठमा खोस्दछ बायाँ हात।
अर्कोले ताक्यो खप्परमा लट्ठी भाँचियो देख्नासाथ ॥

यौटाले ताक्यो खुकुरी झिकी हात भाँच्यो ठनक्क।
आर्काले ताक्यो दापले हान्न फन्कियो फनक्क ॥

सबैले घेरी खोरमा पार्न जोड गरे बलले।
सिंह झैं गर्जी लट्ठीले उफ्र्यो ठाउँ छोड्यो दलले ॥

त्यस बेला आए बराले घर्ती पहल्मान हुटिट्याउँ।
पच्चीस जना खलबलमा परे पाल्की भो ढिक्किच्याउँ ॥

बसन्ती थिइन् मूर्छामा कठै! काँधमा हालेर।
काँल्ला र काँल्ला कुदेर गयो अरुलाई ढालेर ॥

वनवीर श्याबास! वहादुर तेरो लोकले यश गाउला।
पच्चीस जवान जिल पार्‍यो जल्ले विजय गाउला ॥

वीरता भन्ने आगोको झिल्को एकाबाजि सल्कन्छ।
त्यसको ज्योति अरुमा लागी छिमेकै झल्कन्छ ॥

गाउँले लियो वनवीरको चालो लाठाले हटायो।
पच्चीस जवान बदमाश उल्लु छरेर पठायो ॥

वनवीर फेरि कुदेर आई लघार्छ अरुलाई।
श्यालको बथान बाघले जस्तो आँधिले तरुलाई ॥

भागे ती श्याल थापाका डाँकू ढिंडोका सिपाही।
वनवीरले पायो श्याबासी बन्यो उसैको सवाई ॥

र. २००४/५ प्र. २०२६